लेखापरीक्षण प्रतिवेदन

गेरुवा गाउँपालिका, बर्दिया

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

गेरुवा गाउँपालिका, बर्दिया

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

काठमाडौं

प.सं.: मिति : २०८३-१-२३

च.न :

श्रीमान् अध्यक्षज्यू

गेरुवा गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, बर्दिया ।

विषय-**लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

त्यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण सम्पन्न गरी मिति २०८२।११।५ मा प्रारम्भिक प्रतिवेदन जारी भइसकेको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औँल्याइएका बेहोराउपर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ अनुसार प्राप्त प्रतिक्रिया उपरको कारबाही टुङ्गो लगाई सो पश्चात् कायम रहेका बेहोरा समावेश गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदनको मस्यौदा यसैसाथ संलग्न छ । त्यस कार्यालयबाट प्राप्त प्रतिक्रिया उपर सम्परीक्षणको कारबाही भई लगत कट्टा भइसकेका कुनै बेहारा यस लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको वा कुनै अंकगणीतीय त्रुटि देखिएमा सो सम्बन्धी बेहोरा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) भित्रको Auditee File ट्याबमा ३ (तीन) दिनभित्र अपलोड गरी जानकारी गराउनुहुन अनुरोध छ। सो पश्चात् यो लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरिने बेहोरा जानकारी गराइन्छ ।

( )

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.: मिति : २०८३-१-२३
च.न :

श्रीमान् अध्यक्षज्यू ,

गेरुवा गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, बर्दिया।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरेको छैन।

२.२. गाउँपालिकाको रु.१ अर्ब २४ करोड १३ लाख ३४ हजारको लेखापरीक्षणबाट रु. २ करोड ३१ लाख ९२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१ करोड ९६ लाख ७९ हजार सम्परीक्षण भई प्रतिक्रियाबाट थप बेरुजु रकम रु.६० लाख समेत प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ लाख ५६ हजार, नियमित गर्नुपर्ने रु. ३१ लाख ५७ हजार र पेश्की बाँकी रु. ६० लाख गरी जम्मा रु.९५ लाख १३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.२१ करोड १९ लाख ४२ हजार मध्ये रु. १ करोड ५१ लाख ५० हजार सम्परीक्षण भई यस वर्ष सम्परीक्षणबाट थप कायम बेरुजु रु.४ हजार र यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु. २० करोड ६३ लाख ९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण

तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गेरुवा गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

()
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६८	११	२,३१,९२,४२५	०	८	१,९६,७९,३२३	६०,००,०००	६८	३	९५,१३,१०२	०	३१,५७,५०२	३,५५,६००	०	०	३५,१३,१०२	६०,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बर्दिया	२१,१९,४२,८१९	०	१,५१,५०,८२३	१९,६७,९१,९९६	४४००	९५,१३,१०२	२०,६३,०९,४९८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
यस वर्षको प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	३८.३	सतमोरीदेखि बुढीकुलो करिडोर हुँदै खोल्टीबजार जोड्ने सडक कालोपत्रे	३७,३३,२००
२	२०८१/८२	४०	शहिद स्मृति पार्क निर्माण	३५,४०,०००
३	२०८१/८२	४८	ल्यापटप वितरण	१,८६,०००
४	२०८१/८२	३४.२	धरौटी तर्फ	३,४०,१२३
५	२०८१/८२	३९.३	खोनपुर समुह घरदेखि मैनापोखर जाने सडक कालोपत्रे	३४,८०,०००

६	२०८१/८२	३१	क्याम्पसलाई अनुदान	६०,००,०००
७	२०८१/८२	४२.२	कोल्ड स्टोर निर्माण	२४,००,०००
जम्मा				**१,९६,७९,३२३**
गत विगतको सम्परीक्षणबाट सम्परीक्षण				
८	२०८०/८१	१६	पदाधिकारी ईन्धन	२,४८,०००
९	२०८०/८१	४३	निर्माण कार्यको हर्जना	१४,०७,९४६
१०	२०८०/८१	३८	ठे.नं. ०४।०७८।०७९	४,३५,६३७
११	२०८०/८१	४५.१	ठे.नं. ०४।०७७।०७८ १० शैया अस्पताल निर्माण	१,२०,४७,९९२
१२	२०८०/८१	४२.२	ठे.नं. ०३।०७९।०८०	३,२४,७०४
१३	२०८०/८१	३२.१	औषधी खरीदः	५२,०५६
१४	२०७९/८०	५२.१	माटो खन्ने काम तथा Brick Masonary	८१,९६५
१५	२०७९/८०	४३.१	ठेक्का	९३,०७०
१६	२०७८/७९	४२	प्रोभिजनल समको रकम भुक्तानी:	१,०८,२८९
१७	२०७८/७९	४१	निर्माण व्यवसायीलाई पुरस्कारः	६९,८७०
१८	२०७८/७९	५३	नर्म्सभन्दा वढी भुक्तानीः	२,३८०
१९	२०७८/७९	६७.३	आन्तरीक लेखापरीक्षण प्रतिबेदनः	१,८३९
२०	२०७७/७८	१२.५	शिक्षा तर्फ	५,६००
२१	२०७७/७८	१३.४	विविध	३,६००
२२	२०७७/७८	२	खरिद व्यवस्थापन र कर सम्बन्धमा	१,८८,९३६
२३	२०७६/७७	३१	बिमा सम्बन्धमा	७८,९३९
जम्मा				**१,५१,५०,८२३**
कुल जम्मा				**३,४८,३०,१४६**

गेरुवा गाउँपालिका, बर्दिया

(८०५५८५०१३००)

गेरुवा गाउँपालिका , बर्दिया

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ६ वडा रहेका छन् भने क्षेत्रफल ७८.४१ वर्ग किलोमिटर तथा जनसंख्या ३३५१५ रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।१७ देखि २०८२।९।२० सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- गाउँपालिकाको आय-व्यय तर्फ रु.१ अर्ब २४ करोड १३ लाख ३४ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा बढी दैनिक भ्रमण भत्ता बापत रू.३७,३२५ असुल भइ दाखिला प्रमाण पेश भएको छ।

२ **एकीकृत वित्तीय प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ (१) मा स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०८१।८२ को आय/व्यय हिसाबको आर्थिक कारोबारको एकीकृत विवरण निम्न अनुसार रहेको छः-

प्राप्ति			भुक्तानी		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		९८९९४३६८.९९	**चालु खर्च**		३२७६१४७५८.१५
१. संचित कोष	८०३१०४२४.२६		१. पालिका तर्फ	१४३०१२७४१.६७	
२. धरौटी	१५७९१५६७.००		२. संघीय सशर्त	१७८४६७५७०.४८	
३. कार्यसञ्चालन कोष	२८९२३७७.७३		३. संघीय विशेष	६१३४४४६.००	
४. अन्य कोष			४. प्रदेश सशर्त		
यस वर्षको आय			५. प्रदेश विशेष		
१.आन्तरिक आय	१६९६७३२७.५६	१६९६७३२७.५६	**पुँजीगत खर्च**		१२१०८१०५७.००
२.वित्तीय हस्तान्तरण (संघ)		४२४९८४४८७.५४	१. पालिका तर्फ	८९२६८६८५.००	
क) समानीकरण अनुदान	१०६१६६३२०.००		२. संघीय सशर्त	१३०३७४३४.००	
ख) राजस्व बाँडफाँट	८९६२४६६७.५४		३. संघीय विशेष		
ग) सशर्त अनुदान	२०९८१८५००.००		४. संघीय समपुरक	७१३६८८९.००	
घ) समपुरक अनुदान	१०००००००.००		५. प्रदेश सशर्त	६०९०७००.००	
ङ) विशेष अनुदान	९३७५०००.००		६. प्रदेश विशेष		
च) रोयल्टी	०.००		७. प्रदेश समपुरक	५५४७३४९.००	
छ) अन्य	०.००		**अन्तर सरकारी अख्तियारी (संघ)**		१३३९२६१०२.००
३. वित्तीय हस्तान्तरण (प्रदेश)		२८४७६४९१.३२	क) सामाजिक सुरक्षा	१३२११०४८८.००	
क) समानीकरण अनुदान	७९९३०००.००		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१६७३०००.००	
ख) राजस्व बाँडफाँट	६४८३४९१.३२		ग) रोजगार प्रवर्द्धन कार्यक्रम	१४२६१४.००	
ग) सशर्त अनुदान	७००००००.००		**अन्तर सरकारी अख्तियारी (प्रदेश)**		
घ) समपुरक अनुदान	७००००००.००		**ऋण फिर्ता(साँवा)**		
ङ) विशेष अनुदान	०.००		**ऋणको ब्याज भुक्तानी**		
च) रोयल्टी	०.००		**धरौटी फिर्ता तथा सदर स्याहा**	८३४५४६६.००	८३४५४६६.००
छ) अन्य	०.००		**कार्यसञ्चालन कोषबाट भएको खर्च**	२७८६३६१.८१	२७८६३६१.८१
४. अन्तर सरकारी अख्तियारी (संघ)		१३३९२६१०२.००	**अन्य कोषबाट भएको खर्च**		
क) सामाजिक सुरक्षा	१३२११०४८८.००		**गैरसरकारी संस्थाबाट सञ्चालित योजना**		

ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१६७३०००.००		**अन्य सहयोगमा सञ्चालित योजना**		
ग) रोजगार प्रवर्द्धन कार्यक्रम	१४२६१४.००		**अन्य खर्च भएमा**		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०.००		**अनुदान फिर्ता**		
६. ऋण/ वित्तीय व्यवस्था	०.००		१. संघ तर्फ		२४४१७१६०.५२
७. धरौटी आय	७२८७३७८.४२	७२८७३७८.४२	क) सशर्त अनुदान	१८३१३४९५.५२	
८. कार्यसञ्चालन कोष आय	२२६१८५६.८३	२२६१८५६.८३	ख) विशेष अनुदान	३२४०५५४.००	
९. अन्य कोषको आय			ग) समपुरक अनुदान	२८६३१११.००	
१०. मालपोतबाट बाडँफाट भइ प्राप्त आय	६८९७९२९.४०	६८९७९२९.४०	२. प्रदेश तर्फ		२३६१९५१.००
११. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			क) सशर्त अनुदान	९०९३००.००	
१२. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			ख) विशेष अनुदान	०.००	
१३. अन्य आय भएमा			ग) समपुरक अनुदान	१४५२६५१.००	
			अन्तिम मौज्दात		९९२६३०८५.५८
			१. संचित कोषको मौज्दात	८२१६१७३३.४१	
			२. धरौटी	१४७३३४७९.४२	
			३. कार्यसञ्चालनकोष	२३६७८७२.७५	
			४. अन्यकोष		
जम्मा	७१९७९५९४२.०६	७१९७९५९४२.०६	**जम्मा**	७१९७९५९४२.०६	७१९७९५९४२.०६

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण परीक्षण**

३.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरणमा स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.१३२११०४८८, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.१६७३००० र रोजगार प्रवर्द्धन कार्यक्रमको रू.१४२६१४ समेत गरी रू.१३,३९,२६,१०२ सुत्रमा लेखाङ्कन नगरेकोले प्रस्तुत वित्तीय विवरणले पालिकाको समग्र कारोबारको सही र यथार्थ चित्रण गरेको छैन। पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२

बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। साथै खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार गरेको देखिएन। पालिकाले पेस गरेको स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

संकेत	खाताको प्रकार	श्रेस्ता अनुसार बाँकी रु.	बैंक अनुसार बाँकी रु.	फरक रु.
ग १.१	आन्तरिक राजश्व खाता	०	०	
ग १.२	बाँडफाँडबाट प्राप्त राजश्व खाता	०	०	
ग १.३	आन्तरिक अनुदान खाता	०	०	
ग २.२	चालू खर्च खाता -जोर वर्ष	०	०	
ग २.४	पुँजीगत खर्च खाता - जोर वर्ष	०	०	
ग २.७	विविध खर्च खाता	०	०	
ग ३.१	स्थानीय तह धरौटी खाता	१४७३३४७९.४२	१४७३३४७९.४२	
ग ४.१	स्थानीय तह सञ्चित कोष खाता	८२१६१७३३.४१	८२१६१७३३.४२	०.०१
ग ५.१	स्थानीय तह विविध कोष खाता	१२७६९१६.७५	१२७६९१६.७५	
ग६.१	स्थानीय तह विभाज्य कोष खाता	०	०	
ग ७.२	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१०९०९५६	१०९०९५६	
जम्मा		९९२६३०८५.५८	९९२६३०८५.५९	

पालिकाले म.ले.फा.नं.२१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

३.३ **भुक्तानी दायित्व** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये तोकिएको खर्चको भुक्तानी दिन बाँकी रहेमा चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि गराई सम्बन्धित कार्यालयले भुक्तानी दिन सक्ने उल्लेख छ। एकीकृत वित्तीय विवरणको लेखा टिप्पणी नं.१३ मा भुक्तानी दायित्वको विवरण प्रविष्टिको लागि व्यवस्था रहेको छ। पालिकाले गत वर्ष भुक्तानी दिन बाँकी दायित्व रू.८३,२८,५६८।- रहेकोमा वित्तीय विवरण (म.ले.प.फा.नं. २७०) को टिप्पणी १३ मा भुक्तानी दायित्व प्रविष्टि गरेको देखिएन। पालिकाले भुक्तानी दिन बाँकी दायित्व रकम समावेश गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

३.४ **कार्य सञ्चालन तथा अन्य कोष** - नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि पालिकाले यस वर्ष प्रकोप व्यवस्थापन कोष, विविध खर्च खाता र विविध कोष खाता जस्ता कोषमा गत वर्षको रू.२८,९२,३७७.७३ जिम्मेवारी सारेको र यस वर्ष प्राप्ति भएको रू.२२,६१,८५६.८३ सहित रू.५१,५४,२३४.५६ आय र रू.२७,८६,३६१.८१ खर्च गरी रू.२३,६७,८७२.७५ मौज्दात देखाएको

छ। यसरी कोषमा रकम राखेर खर्च गर्दा खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक काम तथा अवस्थामा बाहेक यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

क्र.सं	कोषको नाम	शुरु मौज्दात	यो वर्षको थप	यो वर्षको खर्च	बाँकी मौज्दात
१	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१०९०९५६	०	०	१०९०९५६
२	स्थानीय तह विविध कोष खाता	१२७६९१६.७५	०	०	१२७६९१६.७५
३	विविध खर्च खाता	५२४५०४.९८	२२६१८५६.८३	२७८६३६१.८१	०
जम्मा		२८९२३७७.७३	२२६१८५६.८३	२७८६३६१.८१	२३६७८७२.७५

४ बजेट तथा कार्यक्रम

४.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको देखिएन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

४.२ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा बजेट विनियोजन गरेका वडागत र पालिकास्तरका कुल २१६ योजनामध्ये १२८ अर्थात ५९.२५ प्रतिशत योजना रु.५ लाख मुनिका रहेका छन्।

क्र.स.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाखसम्मका योजना सङ्ख्या	रु.५ लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिका स्तरीय	१३८	१७	६६	५५
२	वडा स्तरीय	७८	०	५	७३
जम्मा		२१६	१७	७१	१२८

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्न सक्ने देखिन्छ। पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ।

४.३

रकमान्तर - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाले ५३३ योजना तथा कार्यक्रमका लागि सभाबाट २०८१।३।१० मा रू.५६ करोड ८ लाख ८७ हजारको बजेट पारित गरी २०८१।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिएकोमा उक्त योजना तथा कार्यक्रमहरू कार्यान्वयन हुन नसक्नुको कारण उल्लेख नगरी हिँउदे अधिवेशनबाट ३६ योजना तथा कार्यक्रममा रू.२ करोड ७ लाख ४१ हजार घट गरी नयाँ ११५ योजना तथा कार्यक्रममा रू. ३ करोड ४१ लाख ९९ हजार रकमान्तर गरेको छ। उक्त रकम सुरू बजेटको तुलनामा ६.०९ प्रतिशत हुन आउछ। साथै रकमान्तर गरेको रकममध्ये निम्नानुसार ८ योजनामा रू.२६ लाख २६ हजार खर्च गरेको देखिएन। रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ।

क्र.स.	योजनाको नाम	रकम रु हजारमा
१	जानकी मा.वि. गेरुवा जनकनगरमा २ कोठे भवन निर्माण गा पा बाट म्याचिङमा थप	३९०
२	गोला स्वास्थ्य चौकी, 1 नं. वडा कार्यालय र गाउँपालिकामा यु.पि.एस. खरिद तथा जडान	१००
३	मुलपानीमा वडा नं. ३ र ५ जोड्ने पक्की डुड निर्माण थप	४३६
४	सानो लाहोरपुर मन्दिर निर्माण वडा नं. ६	१५०
५	सानो लाहोरपुर मन्दिर निर्माण	३००
६	गाउँपालिकाका, वडा र स्वास्थ्य चौकीमा आवश्यकता अनुसार स्तनपान कक्ष निर्माण	४५०
७	पाताभार भदाली कुलो टिकुलीगढ जानेबाटोमा वाल निर्माण	४००
८	समुह घर निर्माण मैनापोखर	४००
जम्मा		२६२६

४.४ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा स्वीकृत भएको बजेट तथा कार्यक्रम अनुसूची -२ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको देखिन्छ।

(रू.हजारमा)

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेस्रो	चौथो	
पुँजीगत खर्च	१२१०८१	११९०४	१६६८३	२०३७२	७२१२२	४८६५६
खर्च प्रतिशत	१००	९.८३	१३.७८	१६.८२	५९.५७	४०.१८

पालिकाको पुँजीगत तर्फ रू.१२ करोड १० लाख ८१ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.१ करोड १९ लाख ४ हजार (९.८३ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.१ करोड ६६ लाख ८३ हजार (९.८३ प्रतिशत), तेस्रो त्रैमासिकमा रू. २ करोड ३ लाख ७२ हजार (१६.८२ प्रतिशत) र चौथो त्रैमासिकमा रू.७ करोड २१ लाख २२ हजार (५९.५७ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.४ करोड ८६ लाख ५६ हजार (४०.१८ प्रतिशत) खर्च देखिनुले सन्तुलित रुपले खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्न सक्ने हुँदा नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

४.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

(रू.हजारमा)

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत कूल खर्चको तुलनामा
१	आर्थिक विकास	३५९६९	१९५८०	४.३६
२	सामाजिक विकास	२६१०९१	२३४३४६	५२.२३
३	पूर्वाधार विकास	१०६३१०	६७३१४	१५
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१४४५०	८१५७	१.८२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१५६५२४	११९२९८	२६.५९
जम्मा		**५७४३४४**	**४४८६९५**	१००

पालिकाले कुल बजेट विनियोजनको तुलनामा ७८.१२ प्रतिशत खर्च गरेको छ। त्यस्तै सभाले विनियोजन गरेको बजेट मध्ये कुल खर्चको तुलनामा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५२.२३ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी १.८२ प्रतिशत खर्च गरेको छ। पालिकाले क्षेत्रगत रुपमा सन्तुलन कायम गरी बजेट विनियोजन एवमं खर्चको व्यवस्थापन गर्नुपर्दछ।

५ **खर्च विश्लेषण**

पालिकामा यसवर्ष कुल आन्तरिक आयबाट रू.१,६९,६७,३२७.५६ तथा राजस्व बाँडफाँड र अनुदानबाट रू.४३,३५,७९,७९६.४७ समेत रू.४५,०५,४७,१२४.३ आम्दानी भएकोमा चालु तर्फ रू.३२,७६,१४,७५८.१५, पुँजीगत तर्फ रू.१२,१०,८१,०५७ समेत रू.४४,८६,९५,८१५.१५ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.७८ प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी सुबिधामा रू.६७,५६,८०० खर्च भएको छ जुन आन्तरिक आयको ३९.८२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७३ प्रतिशत चालु र २७ प्रतिशत पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको दखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ।

६ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरी कार्यान्वियन गरेको देखिएन।

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• पालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख देखिएन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखिन्छ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसमान मर्मत तथा लिलाम गर्नु पर्नेमा सो गरेको पाईएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ।

पालिकाले भ्रमण तथा अनुगमन वापत रू.२४ लाख ६० हजार खर्च लेखेकोमा भ्रमण अभिलेख पूर्ण नरहेको, अधिकांश भ्रमणको उद्देश्य प्रष्ट नभई कार्यालयको कामकाज भनी उल्लेख गरेको र भ्रमण प्रतिवेदन पेश गरेको देखिएन।

• लुम्बिनी प्रदेश स्थानीय निजामति सेवा ऐन,२०८१ बमोजिम कर्मचारीको कार्य विवरण बनाई लागू गरेको देखिएन।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा भने अनुगमन गरेको देखिने गरी अभिलेख राखेको देखिएन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन।

अत: पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्दछ।

७ संगठन तथा कर्मचारी व्यवस्थापन

७.१ **दरबन्दी तथा पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृत सहित ७३ दरबन्दी स्वीकृत गरेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित ६४ जना पदपूर्ती भएको देखिन्छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार कृषि अधिकृत, पशु अधिकृत, प्रशासन सहायक लगायत विभिन्न ९ पद रिक्त रहेकोमा रिक्त पदको लोकसेवा आयोगमा माग गरेता पनि पदपूर्ति नभएको पालिकाले जनाएको छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा कार्य सम्पादनमा असर पर्न सक्ने देखिन्छ। स्वीकृत दरवन्दी अनुसारको जनशक्ति व्यवस्थापन गरी सेवालाई प्रभावकारी बनाउनुपर्दछ।

७.२ **तलवी प्रतिवेदन** - लुम्बिनी प्रदेश सरकारले जारी गरेको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७०(४) मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु हुँदैन भन्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फ ३३ कर्मचारीको रू.२ करोड ६ लाख ७ हजार र पालिकातर्फका ३१ कर्मचारीको रू.२ करोड ५० लाख ४८ हजार गरी रू.४ करोड ५६ लाख ५५ हजार खर्च लेखेको छ। पारित तलबी प्रतिवेदन बेगर कर्मचारीले भुक्तानी पाउनुपर्ने तथा भुक्तानी भएको ग्रेड रकम यकिन गर्न सकिएन। अत : कानुनमा व्यवस्था भए अनुसार तलबी प्रतिवेदन पारित गरी तलब तथा ग्रेड रकम खर्च लेख्नुपर्दछ।

७.३ **अवकास कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा सर्तसम्बन्धी कानूनबमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कर्मचारी कल्याणकारी कोषमा रू.२० लाख विनियोजन गरेपनि अवकाष कोष संचालनमा ल्याएको छैन। ऐनले गरेको व्यवस्था बमोजिम कोष संचालनमा ल्याउनुपर्दछ। भविष्यमा आइपर्ने दायित्व वहन गर्नको लागि ऐनले गरेको व्यवस्था बमोजिम अवकाश कोषको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

८ कानून निर्माण एवं कार्यान्वयन

८.१ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था रहेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप भएको १० गरी कुल १६ विवाद दर्ता भएकोमा ६ वटा फर्स्यौट भई १० वटा बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

८.२ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने साथै

यसरी बनाएको कानून गाउँपालिका तथा नगरपालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार हालसम्म २५ वटा ऐन, ३ वटा नियमावली, ६७ कार्यविधि, ८ निर्देशिका, २ मापदण्ड, ४ रणनीतिक योजना लगायत १०९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोमा प्रदेश सरकार तथा नेपाल सरकारमा पठाएको देखिएन।

९ यन्त्र उपकरण सञ्चालन

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक र मर्मत खर्च तथा सञ्चालनबाट आय निम्नानुसार रहेको छ। पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन र लगानी र आय विष्लेषण समेत गरेको पाइएन। उपकरण संचालन कार्यविधि तयार नगरी पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो। यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नुपर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लाभ- लगत विश्लेषण समेत गर्नुपर्दछ।

क्र.सं.	सामानको विवरण	इन्धन लागत	जनशक्ति लागत	मर्मत लागत	आय
१.	ब्याकहो लोडर	२७९८६२६	३४६०५०	३०३९२६	११५००
२.	रोलर		३४६०५०	३८७२००	३९८३७०
३.	ट्याक्टर २ वटा		६४४२६०	१५७६४०	०
जम्मा		२७९८६२६	१३३६३६०	८४८७६६	४०९८७०

१० पूँजीगत खर्चको विवरण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१) मा सार्वजनिक निकायले खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यका आधारमा कुनै विधि अपनाई खरिद गर्न सक्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष निम्नानुसार खरिद विधि अवलम्बन गरी खरिद गरेको देखिन्छ।

क्र.स.	खरिद विधि	संख्या	खर्च रकम रु.
१	खुला बोलपत्र	२४	८१९०५६२०
२	सिलवन्दी दरभाउपत्र	११	५६४१३४१
३	सोझै खरिद	१४	६४६१८८०
४	उपभोक्ता समिति	६४	१५४७६१३२
५	अमानत	२८	११४२२५१
६	क्याटलग	१	५१०००००
		१४२	११५७२७२२४

सोझै तथा अमानत खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी, पारदर्शी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

११ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४७ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन

समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

१२ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद - ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको देखिन्छ।

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
स्वीकृत घरनक्सा दर्ता पास	४	४
पञ्जिकरणतर्फ		
जन्मदर्ता	७३१	७३१
मृत्युदर्ता	२११	२११
बसाईसराई दर्ता	८०	८०
विवाह दर्ता	३४१	३४१
सम्बन्धविच्छेद दर्ता	२०	२०

१३ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) मा अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०८१ परिच्छेद ७ को बुँदा ४७ मा अतिरिक्त समय र बिदाको दिन काम गर्दाको खाजा खाना सम्बन्धी व्यवस्था छ। कर्मचारी प्रोत्साहन भत्ता कार्यविधि, २०७६ मा प्रमुख प्रशासकीय अधिकृतलाई रू.१५०००, अधिकृत स्तरका कर्मचारीलाई रू.१२०००, सहायक पाँचौ स्तरकालाई रू.१०००० र सहायक चौथोलाई रू.८००० मासिक दरलाई शतप्रतिशत मानी प्रतिमहिना न्यूनतम ७.५ घण्टाका लागि २५ प्रतिशत, १५ घण्टाका लागि ५० प्रतिशत, २२.५ घण्टाका लागि ७५ प्रतिशत र ३० घण्टादेखि माथिलाई १०० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यवस्था छ। कर्मचारीलाई कर्मचारी प्रोत्साहन तथा पुरस्कार शीर्षकमा वर्षभरीमा रू.२८९६९०० खर्च गरेको छ। यस्तो खर्च कुल आन्तरिक आय रू.१,६९,६७,३२७.५६ को १७.०७ प्रतिशत छ। प्रोत्साहन भत्तालाई कार्यसम्पादन सूचकमा आधारित बनाई आन्तरिक आयको आधारमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

१४ **इन्धन खर्च**

गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (खर्च मापदण्ड नियमित गर्ने) कार्यविधि, २०८१ को परिच्छेद ४ मा सवारी साधन पाउने कर्मचारीलाई इन्धन सुविधा उपलब्ध गराउने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार चालु हालतमा रहेका २६ वटा मोटरसाइकल , ३ वटा स्कुटर, १ व्याकहोलोडर, २ रोलर, २ ट्याक्टर, १ स्कार्पियो र १ पिकअप गरी जम्मा ३६ सवारी साधन सञ्चालनमा रहेको देखिन्छ। यस वर्ष पालिकाले चार पाङ्ग्रे सवारी साधनका लागि रू.२७,९८,६२६ र दुई पाङ्ग्रे साधनका लागि रू.२१,७४,५३० समेत ईन्धन वापत रू.४९,७३,१५६ खर्च गरेको देखिन्छ। सरकारी साधन बाहेक निजी सवारी साधन प्रयोग गर्नेलाई समेत ईन्धन उपलब्ध गराएको देखिन्छ। यस्तो खर्च कुल आन्तरिक आय रू.१,६९,६७,३२७.५६ को २९.३१ प्रतिशत छ।सरकारी साधन उपलब्ध गराउने स्पष्ट मापदण्ड निर्माण गरी ईन्धन उपलब्ध गराउने मापदण्डका आधारमा आन्तरिक आयलाई समेत आधार मानी मितव्ययी तबरले खर्च गर्नुपर्दछ।

१५ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली,२०७७ को नियम ३९ मा

सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष कुल आन्तरिक आय रू.१,६९,६७,३२७.५६ को तुलनामा करिव २२.२९ प्रतिशत अर्थात् रू.३७,८२,३२१ विविध खर्च शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको विल भरपाई पेशभए भएतापनि कतिपय खर्चका विलभरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन। विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण राखेर खर्च गर्ने व्यवस्था गर्नुपर्दछ।

१६ **आन्तरिक आय**

१६.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. १,११,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रू.१,६९,६७,३२७.५६ अर्थात अनुमान भन्दा ५२.८५ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१६.२ **कर तथा शुल्क असुली** - यस पालिकाले पछिल्लो तीन आर्थिक वर्षमा आन्तरिक आय वापत असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छः-

क.स.	आम्दानी शीर्षक	२०७९।८० को असुली	२०८०।८१ को असुली	आ.व. २०८१।८२ को अनुमान	आ.व. २०८१।८२ को असुली
१	सम्पत्ती, बहाल तथा पट्टावापतको आयमा लाग्ने कर	७०,६४९.००	०	०	०
२	सम्पती कर	०.००	२,१५,५५९.४३	२०,०००.००	२,९८,५०९.३५
३	भुमिकर/ मालपोत	१९,५५,८१३.५६	२०,८९,९१३.९०	१८,००,०००.००	२२,८६,८१७.९१
४	वहाल कर	३,९६,२०२.८३	३,४७,१५०.४३	१,५०,०००.००	५,६७,६२२.९५
५	वहालविटौरी कर	९,२७,२१३.००	११,२०,८३५.००	१६,००,०००.००	२४,२२,६३७.६५
६	सवारी साधनकर (साना सवारी)	०.००	०	०.००	३०,०००.००
७	अन्यमनोरञ्जन कर	०	९८,५९५.००	०.००	३७,५००.००
८	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	०	०	०.००	१५०.००
९	अखेटोपहारमालाग्ने कर	२००.००	०	५,०००.००	०.००
१०	अन्य कर	१५,७४,४१५.०९	०	४,२०,०००.००	६,२२,५९४.९४
११	व्यापारिकनिकायबाट प्राप्त लाभांश	०	०	०.००	६००.००
१२	सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय	०	२,०००.००	७,००,०००.००	०.००
१३	अन्यस्रोतबाट प्राप्त रोयल्टी	१,२४,७२५.१८	०	०	०
१४	अन्यबिक्रीबाट प्राप्त रकम	०	४६,०००.००	०	०
१५	विद्युतसेवा शुल्क	६५०.००	०	५,०००.००	७८०.००
१६	अन्य सेवाशुल्क तथा बिक्री	१,०६,४९२.००	१,८९०.००	२,००,०००.००	४७,०९०.००
१७	न्यायिकदस्तूर	०	२,२६०.००	०.००	८००.००
१८	शिक्षाक्षेत्रको आम्दानी	०	०	०.००	२,९६०.००
१९	परीक्षाशुल्क	१,३१,५३०.००	१,२०,९५०.००	५०,०००.००	४८,३५०.००
२०	अन्यप्रशासनिक सेवा शुल्क	०	११,८६०.००	०.००	१६,०००.००
२१	पार्किङ्गशुल्क	०	०	०.००	१,०००.००
२२	नक्सापासदस्तुर	६५,५२३.४९	४,१७,३४४.०२	२,००,०००.००	२,३३,९५६.०६
२३	सिफारिशदस्तुर	२४,९२,६७६.६३	२०,४३,९३८.२५	२०,००,०००.००	३२,००,५१७.५८
२४	व्यक्तिगतघटना दर्ता दस्तुर	१६,९९४.००	०.००	२,५०,०००.००	०.००
२५	नाताप्रमाणित दस्तुर	५४,३५०.००	६७,०००.००	५०,०००.००	४०,२९०.००
२६	अन्यदस्तुर	१२,५६,७८२.७५	३१,८८,४१४.७६	१०,००,०००.००	३,६४,१५६.८५
२७	व्यावसायरजिष्ट्रेशन दस्तुर	०.००	०.००	३०,०००.००	०.००
२८	विद्युतसम्बन्धी दस्तुर	०	२६०.००	०	०
२९	जलस्रोतसम्बन्धी अन्य दस्तुर	०	८००.००	०	०
३०	न्यायिकदण्ड, जरिवाना र जफत	३,२५०.००	०	१०,०००.००	०.००
३१	प्रशासनिकदण्ड, जरिवाना र जफत	०.००	०	१०,०००.००	२,५९,३०७.००
३२	अन्यराजस्व	१४,५७,७२०.००	९,०६०.००	१५,००,०००.००	५६,४०,७४७.२७

३३	व्यवसाय कर	७,१६,३३५.००	९,११,२००.००	११,००,०००.००	७,६२,९७५.००
३४	बेरूजू	२,१५,९९९.३९	८२,८८५.००	०.००	८१,९६५.००
जम्मा		१,१५,६७,५२१.९२	१,१३,९६,४८३.००	१,११,००,०००.००	१,६९,६७,३२७.५६

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित गरेको देखिएन, बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको देखिएकाले उल्लिखित असुली रकम यथार्थपरक रहेको कुरामा विश्वस्त हुन सकिएन। आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१६.३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.७,६२,९७५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको कारण पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था देखिदैन। पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

१७ कन्टिन्जेन्सी खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान अनुसूची-१ बमोजिम तयार गर्नुपर्ने उल्लेख छ।उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले कन्टिन्जेन्सी खर्चको छुट्टै अभिलेख राखेको छैन। यस वर्ष देहाय बमोजिम रू.९३४८६४ कन्टीन्जेन्सी खर्चको विवरण पेश गरेको छ।

विवरण	मर्मत तथा ईन्धन	पत्रपत्रिका तथा छपाई	अन्य खर्च	जम्मा खर्च
कन्टिन्जेन्सी खर्च	४८३२४	७५९८०४	१२६७३६	९३४८६४

कन्टिन्जेन्सी रकमबाट मर्मत, पत्रपत्रिका तथा छपाई तथा मेशिनरी सामग्री जस्ता कार्यका लागि बजेट नै विनियोजन भएको अवस्थामा कन्टिनजेन्सी खर्च गर्नु मनाव देखिएन।

१८ परामर्श सेवा खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी आवश्यकताको पहिचानका आधारमा परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै दफा २९ (१क) मा परामर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका परामर्शदाता कम्पनीलाई रू.२२५७००० परामर्श शुल्क बापत भुक्तानी गरेको छ। परामर्शदाताबाट प्राप्त प्रतिवेदनको कार्यान्वियन गर्नुपर्दछ।

क्र.स.	**विवरण**	**परामर्शदाता**	**खर्च रकम**
१	भू-उपयोग क्षेत्र वर्गीकरण	रिलायवल इन्जिनियरिङ कन्सल्टेन्सी	१४८५०००
२	आन्तरिक नियन्त्रण प्रणाली	सार्प रिसर्च सेन्टर प्रा.लि.	२८७०००
३	मध्यमकालीन खर्च संरचना निर्माण	इन्टिग्रेटेड स्टडिज एण्ड रिसर्च सेन्टर प्रा.लि.	४८५०००
जम्मा			२२५७०००

१९ सफ्टवेयर खरिद र परिचालन

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर विभिन्न देहायका सफ्टवेयर खरिदमा रू.८३५७५० खर्च गरेकोमा यस वर्ष

उक्त सफ्टवेयर मर्मत तथा नविकरण शुल्क बापत रू.८४७५० खर्च गरेको देखियो। यस्ता सफ्टवेयर खरिद, प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

क्र.स.	कार्यक्रमको नाम	खरिद गरेको वर्ष	खर्च	यो वर्षको नविकरण शुल्क
१	अपाङ्गता परिचय पत्र (एम्फासिस टेक फाउण्डेसन प्रा.लि.)	२०७७।७८	१६९५००	३३९००
२	राजश्व संकलन (सफ्टेक इन्फोसिस प्रा.लि.)	७६।७७	१६९२५०	५०८५०
३	इ सिफारिस सफ्टवेयर	२०८१।८२	४९७०००	०
जम्मा			८३५७५०	८४७५०

२० **गत विगतको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रू.८३,२८,५६८।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्नुपर्दछ।

२१ **सामुदायिक वनबाट आय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। त्यस्तै वन ऐन, २०७६ को दफा २२ मा सामुदायिक वन उपभोक्ता समुहले कार्य योजना बमोजिम आर्जन गरेको बार्षिक आयबाट कम्तिमा पच्चिस प्रतिशत रकम वनको विकास, संरक्षण तथा व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्युनिकरण, महिला शसक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। त्यस्तै वन नियमावली, २०७९ को नियम ४५ मा सामुदायिक वन उपभोक्ता समुहले प्रत्येक आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र बार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, बिक्री गरेको वनपैदावरको बार्षिक विवरण लगायतका कागजात र विवरण स्थानीय तहमा बुझाउनुपर्ने व्यवस्था छ। पालिकाभित्र ३४ वटा सामुदायिक वन उपभोक्ता समुह रहेकोमा नियमावली बमोजिमका विवरण बुझाएको देखिएन भने सामुदायिक वन उपभोक्ता समुहले आर्जन गरेको बार्षिक आयको कम्तिमा ३७ प्रतिशत रकम स्थानीय तहसँग समन्वय गरी गरिबी न्युनिकरण, महिला शसक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गरेको देखिएन।पालिकाले आफ्नो कार्य क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समुहको अभिलेख अद्यावधिक गरी आवश्यक सहयोग तथा सहजीकरण गरी बार्षिक आयको कम्तिमा ३७ प्रतिशत रकम गरिबी न्युनिकरण, महिला शसक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गर्ने व्यवस्था गर्नुपर्दछ।

२२ **आर्थिक सहायता**

पालिकाले गेरुवा गाउँपालिकाको आर्थिक सहायता कार्यविधि,२०७६ मा रू.३००० सम्म प्रमुख प्रशासकीय अधिकृत र सो भन्दा बढी अध्यक्षको तोक आदेशका आधारमा दिने गरेको देखिन्छ। पालिकाले यस वर्ष प्रकोप व्यवस्थापन कोष शीर्षकबाट एकमुष्ट बजेट विनियोजन गरी विभिन्न व्यक्ति तथा संघसंस्थालाई रू.९,०७,३०० आर्थिक सहायता प्रदान गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

२३ **कृषि अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि,पशुपन्छी,बालीनाली,मत्स्य आदी सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ।यस वर्ष लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत यस वर्ष २५४२ जनाको लागि रू.४९,१८,००० खर्च भएको देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहीता प्रबर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेवसाइटमा सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्दछ।

क्र.स.	कार्यक्रमको नाम	पालिकाको लागत सहभागिता	संख्या	रकम रु हजारमा
१	तरकारी बालीको कम्पोजिट सेट वितरण	१०० प्रतिशत	१७५	९४४०००
२	मागमा आधारित कृषि सामग्री वितरण (प्लाष्टिक टनेल -४६,स्प्रे ट्याङ्की -९, मिनि टिलर -६, पानी तान्ते मोटर - ८)	५० प्रतिशत	६९	५०००००
३	साना कृषि यान्त्रीकरण कार्यक्रम(मिनिटिलर-८,पानी तान्ने मोटर -६,स्प्रे ट्याङ्की- १६,कर्नसेलर-५,जायाब पलान्टर-१३)	५० प्रतिशत	४८	५०००००
४	खाद्यान्न बालीको उन्नत बीउ वितरण (४७८८१ कि.ग्रा.)	५० प्रतिशत	१७५	१६२४०००
५	गहुँको बीउ वितरण कार्यक्रम (२०८९० कि.ग्रा.)	५० प्रतिशत	१७५	९०००००
६	बर्षिम घाँसको बीउ वितरण	५० प्रतिशत	१९०	४५००००
जम्मा			२५४२	४९१८०००

२४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार ब्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ कार्यान्वयनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ६ वडामा १६ योजना सञ्चालन गरी यस वर्ष ७० जनालाई औषत १०० दिनले ७००० दिन रोजगारी उपलब्ध गराई रु. ३२८०५२१.२८ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। कार्यक्रममा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम ब्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

२५ **पशुसेवा तर्फ**

स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को दफा ५ मा भैंसी प्रवर्द्धन तथा बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नुपर्ने ब्यवस्था छ। पालिकाका संभावित व्यावसायिक बाख्रा उत्पादन पकेट क्षेत्र तथा भैंसी उत्पादन पकेट क्षेत्रमा नश्ल सुधारका लागि बोयर बोका र मुर्रा राँगा खरिद गरी कृषक समूह तथा कृषि तथा पशुपंक्षी फर्मलाई वितरण कार्यक्रम सञ्चालन गरेको छ। कृषक समूह तथा कृषि तथा पशुपंक्षी फर्म र पालिकाबीचको सम्झौता बमोजिम २ वर्षसम्म सो राँगा वा बोका बिक्री वितरण तथा मासु प्रयोजनमा लगाउन नपाइने, उचित स्याहार सुसार गर्नुपर्ने, प्रजनन तथा व्यवसायिक प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्ने, मरेमा वा प्रजनन अयोग्य भई बिक्री वितरण गर्नुपरेमा शाखामा समन्वय गर्नुपर्ने, पशुसेवा शाखाबाट समय समयमा निगरानी गर्नुपर्ने उल्लेख छ। पालिकाले देहाय बमोजिमका बोका र राँगा वितरण गरेकोमा संझौता बमोजिम कार्य भए,नभएको र कार्यक्रमको प्रभावकारीता नियमित अनुगमन गरेको देखिएन। संझौता बमोजिम प्रयोग तथा उपयोग भए,नभएको र कार्यक्रमको प्रभावकारीता नियमित अनुगमन गर्नुपर्दछ ।

क्र.सं.	विवरण	संख्या	रकम
१	बोयर बोका	१५	५८८०००
२	मुर्रा राँगा	९	४१४०००

२६ **धानको बिउ अनुदान**

बीउ बिजन उत्पादन, आपुर्ति तथा व्यवस्थापन कार्यविधि, २०८१ मा बीउ विजनको विद्युतीय वितरण व्यवस्था डेसिस (DESES) मा बीउ उत्पादक वितरक दर्ता हुनुपर्ने, ढुवानी भाडा समेत जोडी कायम हुने बीउको मूल्यमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने, सम्बन्धित अनुदानग्राहीको बैंक खातामा अनुदान वापतको रकम भुक्तानी गर्ने, बीउ विजनको वितरण र प्रयोगको अनुगमन पालिकाले गर्नुपर्ने व्यवस्था छ। यस वर्षको स्वीकृत वार्षिक कार्यक्रमको ५० प्रतिशत अनुदानमा कृषकलाई मिति २०८२।११।०१ मा रु३२४७६३२ को धानको बिउ खरिद गरी रु१६२३८१५ भुक्तानी गरेको देखिन्छ।

विवरण	परिमाण	दर	अनुदानको अनुपात	भुक्तानी पाउने	रकम
हर्दिनाथ- ६ उन्नत (३९१ बोरा)	११७३० kg	६८	५० प्रतिशत	गणेश बाबा उग्रो सिड कम्पनी लि.	१३९४३९०
मकवानपुर- १ (२७५ बोरा)	९६२५ kg	६२			
धानको उन्नत बिउ बहुगुणी- २	२९८९१ kg	६२	५० प्रतिशत	हिमालय सहकारी संस्था	१८५३२४२
जम्मा					३२४७६३२

पालिकाले विभिन्न कृषक समुहहरुलाई अनुदान उपलव्ध गराउँदा जुन प्रयोजनको लागि अनुदान उपलव्ध गराएको हो सो प्रयोजनमा खर्च भए नभएको निरन्तर अनुगमन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको अनुदानको उद्धेश्य अनुरुप खर्च भएको छ, छैन भनि अनुगमन गरेको प्रमाण पेश नगर्दा सो खर्च उदेश्य अनुरुप भएको भनि सुनिस्चित हुन सकिएन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२७ **अनुत्पादक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) मा पालिकाले योजना बनाउँदा उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने बिषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(१)घ मा आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा बढि प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढि भएका र सामाजिक लाभ उच्च भएका आयोजना वा कार्यक्रमको प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका क्षेत्रमा बजेट विनियोजन गरी खर्च गरेको देखिन्छ।

क्र.सं.	**आयोजना/कार्यक्रम**	**गो.भौ.नं./मिति**	**रकम रु.**
१	गणेशपुर खैरेनीमा मन्दिर निर्माण, गेरुवा-३	५९।२०८१।१२।२८, १७०।२०८२।३।२३	१९६६७००
२	गुसीपुर क्रिस्चियन भवन निर्माण	५४।२०८१।१२।२८	१४७०००
३	तीनघरुवा देउथान निर्माण, गेरुवा-४	४५।२०८१।११।२८	३८७०००
४	गोविन्दपुरमा आराधना मण्डलीको टहरा निर्माण	७१।२०८२।१।२३	१९३०००
५	स्यालीबजारमा मन्दिर निर्माण	१६५।२०८२।३।२३	४४७५००
६	ठूलो लाहोरपुरमा दुर्गामाता मन्दिर निर्माण	१११।२०८२।३।६	२८००००

आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा बढि प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढि भएका र सामाजिक लाभ उच्च भएका, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने बिषयलाई प्राथमिकता दिई बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ।

२८ **विल्ड अन नेपालसँग सहकार्य**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५(१) मा गैरसरकारी सङ्घ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नुपर्ने, दफा २५(२) मा उपदफा १ बमोजिम स्थानीय तहसँग समन्वय गर्दा आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको बार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने तथा स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगती प्रतिवेदन प्रणाली अपनाउनुपर्ने व्यवस्था छ। पालिकाले विल्ड अन नेपाल गैरसरकारी संस्थाको बजेट तथा कार्यक्रम अनुसार संस्थाले तयार पारेको डिजाईन तथा लागत अनुमानका आधारमा पालिकाको म्याचिङ्ग कोषबाट सरस्वती आधारभुत विद्यालय, वनकट्टीको भवन निर्माणको लागि रु.१३००००० भुक्तानी गरेको देखिन्छ। गैरसरकारी संस्थाले आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको बार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने तथा स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगती प्रतिवेदन प्रणाली अपनाउनुपर्ने व्यवस्था कार्यान्वियन गर्ने गरी कार्य सञ्चालन गर्नुपर्दछ।

२९ गाडी खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख मा सार्वजनिक निकायले हेभि ईक्युपमेण्ट वा अन्य यस्तै यान्त्रिक मालसामानहरु त्यस्तो समानस्तरको मालसामान उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनि वा त्यसको आधिकारिक बिक्रेतालाई कम्तिमा ७ देखि बढिमा पन्ध्र दिनको सूचना दिई प्रतिष्पर्धा गराई खरिद गर्न सकिने, यसरी दर्ता भएका उत्पादक कम्पनि वा त्यसको आधिकारिक बिक्रेताले पेश गरेको स्पेशिफिकेसन, गुणस्तर, मूल्य र सुविधासहितको विवरण (क्याटलग वा ब्रोसर) हेरी समान स्पेशिफिकेसन र गुणस्तर भएका उत्पादनहरुको उत्पादक कम्पनि वा त्यसको आधिकारिक बिक्रेताको सूची तयार गर्नुपर्ने र यस्तो सूचीको आधारमा खरिद गरिने मालसामानको परिमाण खोली उत्पादक वा अधिकृत बिक्रेताबाट तोकिएको मूल्य वा सूविधामध्ये मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण सहितको आर्थिक प्रस्ताव माग गर्नुपर्ने र मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही प्रस्तावदाता छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले गाडी खरिदको लागि तिन वटा अधिकृत बिक्रेता/फर्मसँग प्रस्ताव माग गरेकोमा तिन वटै फर्मले एउटै कम्पनिको ब्रोसर पेश गरेको र सो ब्रोसरमा स्पेशिफिकेसन, गुणस्तर, मूल्य र सुविधासहितको विवरण उल्लेख भएको देखिएन। समानस्तरको मालसामान उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनि वा त्यसको आधिकारिक बिक्रेताबिच प्रतिष्पर्धा गराई खरिद व्यवस्थापन गर्नुपर्दछ।

३० करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३(८) मा पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने साथै लुम्बिनी प्रदेशले जारी गरेको स्थानीय निजामती सेवा ऐन,२०८१ को दफा १७ मा ज्यालादारी वा करारमा नियुक्ती गर्न नपाईने व्यवस्था छ। पालिकाले ईन्जिनियर, सब ईन्जिनियर, कम्प्युटर अपरेटर, अनमि, अहेव, अमिन, सहायता सहायक, ल्याब असिस्टेन, सामाजिक परिचालक, सवारी चालक, कार्यालय सहयोगी लगायत विभिन्न पदमा ५० जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रू.१ करोड ६२ लाख १३ हजार खर्च गरेको देखिन्छ। पालिकाले माथि उल्लेखित पद वाहेक ईन्जिनियर-१, सहायता सहायक -५ र कम्प्युटर अपरेटर -१ समेत ७ जना करारमा नियुक्ती गरी यस वर्ष तलब भत्ता बापत रू.२६ लाख ४५ हजार भुक्तानी गरेको छ। स्वीकृत दरबन्दी बेगरको पदमा करारमा नियुक्ति गरी तलब भत्तामा खर्च गरेको कार्य नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	२६,४५,०००

३१ क्याम्पसलाई अनुदान

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **६,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३२ **अन्य कार्यालयको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धि व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिरका देहायका निकायलाई गरेको खर्च नियमसम्मत नदेखिएको रू.

गो.भौ.नं. र मिति	विवरण	कार्यालय	रकम
६९७-२०८२।३।२५	वडा कार्यालयबाट प्रिन्टर	मनाउ प्रहरी चौकी	३००००
१००-२०८२।३।३	वाल निर्माण	ईलाका प्रहरी कार्यालय,पाताभार	३९१०००
२१५-२०८२।३।२५	कम्प्युटर, प्रिन्टर र फर्निचर	गेरुवा बहुमुखी क्याम्पस	९१५०२
जम्मा			५१२५०२

अनियमित भएको	५,१२,५०२

३३ **सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४(१८) बमोजिम स्थानीय तहले भत्ता बापतको निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै वितरण कार्य सम्पन्न गरी बन्द गर्नुपर्ने, निकासा र खर्चको अभिलेख अद्यावधिक गरी बैंकसँगको हिसाब मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने र भत्ता वितरणका लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामाजिक सुरक्षा भत्ता वापत रु.१३२११०४८८।– बैंक मार्फत वितरण गरेकोमा देखिन्छ। नेपाल इन्भेष्टमेण्ट मेगा बैकले रु९०,९६५.९९।– र शा्इन रेशुङ्गा डेभलपमेन्ट बैंक लि. ले रु१,५१,२२५.६७।- गरी जम्मा रू.२,४२,१९१.६६।- लाभग्राहीहरुको नामनामेसी नखुलाई संघीय संचितकोषमा दाखिला गरेको छ। पालिकाले वर्षान्तमा बैंकहरुबाट लाभग्राही र लाभग्राहीले प्राप्त गरेको रकम सहितको विवरण प्राप्त गरी भिडान गर्नुपर्दछ।

३४ **धरौटी तर्फ**

पालिकाले गतवर्षको धरौटी रु.१,५७,९१,५६७ र यो वर्षको प्राप्त धरौटी आम्दानी रु ७२,८७,३७८.४२ समेत जम्मा आम्दानी रु.२,३०,७८,९४५.४२ भएको मध्ये फिर्ता रु.८०,८६,१५९ र रु.२,५९,३०७ सदरस्याहा गरी बाँकी धरौटी रु.१,४७,३३,४७९.४२ रहेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

३४.१ **धरौटीको अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम मा बमोजिम प्राप्त गरेको धरौटी रकमको व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी कुन कामको लागि आम्दानी भएको हो सो समेत खुलाई राख्नु पर्ने उल्लेख छ। पालिकाले विभिन्न योजनाको रकम धरौटी कट्टा गरेकोमा कुन मितिमा कति रकम जम्मा गरेको हो सो को विस्तृत विवरण सहितको धरौटी खाता हुनुपर्नेमा सो नभई गत बर्षको अल्या गर्दाको मितिमात्र देखिने हुनाले कुन निर्माण व्यवसायी तथा व्यक्ति/संस्थाको कुन मितिमा रकम कट्टा गरेको सो मिति नखुल्ने र धरौटी अल्या गरेको मिति मात्र देखिने भएकाले कहिलेसम्म म्याद छ सो बारेमा यकिन नहुने भएकाले धरौटी रकम फिर्ता लिन पाउने म्याद समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता दिनुपर्ने व्यवस्था अनुरुप फिर्ता गर्नुपर्ने अन्यथा राजस्व आम्दानी बाँधि सदरस्याहा गर्नुपर्ने यकिन गर्न सकिएन। यसको लागि कार्यालयले धरौटीको व्यक्तिगत खाता अद्यावधिक गरी राख्नु पर्दछ।

३४.२ **पालिकाको नाममा धरौटी**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **३४०,१२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३५ **शिक्षातर्फ**

३५.१ **शिक्षक दरवन्दी र पदपूर्ति** - शिक्षा नियमावली,२०५९ को नियम ९२ मा मन्त्रालयबाट स्वीकृत दरबन्दीको आधारमा सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दी अनुसूची १२ बमोजिम रहने व्यवस्था छ। साथै नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई क्षेत्रमा पचास, पहाड क्षेत्रमा पैतालीस र हिमाली क्षेत्रमा चालीस हुनुपर्ने व्यवस्था रहेको छ। स्थानीय तह अन्तर्गत विभिन्न तहका २६ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था निम्नानुसार रहेको छ।

क्र.सं.	विद्यालयको तह	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये राहात/करार/स्रोत शिक्षक	रिक्त दरबन्दी
१	प्राथामिक तह(१-५)	११८	११८	५१	०
२	निम्नमाध्यमित तह(६-८)	४९	४९	३३	०
३	माध्यामिक तह(९-१०)	३५	३५	२०	०
४	माध्यामिक तह(११-१२)	२०	२०	१७	०
जम्मा		२२२	२२२	१२१	०

पालिकामा २६ सामुदायिक विद्यालय रहेकोमा शिक्षक दरबन्दी २२२ रहेकोमा १२१ जना करार समेत २२२ नै पदपुर्ति भएको देखिन्छ भने शिक्षक विद्यार्थी अनुपात १:२७ रहेको छ। पालिकाले शिक्षक पदपूर्ति तथा शिक्षक विद्यार्थी अनुपात मिलानतर्फ ध्यान दिनुपर्दछ।

३५.२ **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) बमोजिम विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा समग्र पालिका अन्तर्गत २६ सामुदायिक विद्यालयमा २२२ जना शिक्षक र ५९३३ विद्यार्थी रहेकोमा समग्रमा औषत शिक्षक विद्यार्थी अनुपात १:२७ रहेको छ। यसरी हेर्दा पालिका भित्रका सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात ५० भन्दा माथि हुने विद्यालय १ रहेको छ भने शिक्षक विद्यार्थी अनुपात २० भन्दा कम हुने ९ विद्यालयहरु रहेका छन्। शिक्षक विद्यार्थी अनुपात निम्नानुसार छन् :-

क्र.सं.	विद्यालयकोनाम	ठेगाना	शिक्षकसंख्या	विद्यार्थीसंख्या	शिक्षकविद्यार्थी अनुपात
१	श्रीजनता परिक्षित नरसिंह आधारभुत विद्यालय	सरखोल	९	२११	२३
२	श्रीजानकी माध्यमिक विद्यालय	अनकनगर	१४	२२६	१६
३	श्रीकालिका प्राथमिक विद्यालय	धापापुर	३	११९	४०
४	श्रीखैरावाङ भगवती आधारभुत विद्यालय	राजीपुर	९	१८१	२०
५	श्रीकृष्ण प्राथमिक विद्यालय	उल्टनपुर	३	३२	११
६	श्रीएकप्रिय राठौर माध्यमिक विद्यालय	पाताभार	३३	११५४	३५
७	श्रीसरस्वती आधरभुत विद्यालय	बनकटी	९	२१३	२४
८	श्रीनेपाल राष्ट्रिय आधारभूत विद्यालय	गणेशपुर	४	१४२	३६
९	श्रीसरस्वती आधारभुत विद्यालय	जोधिपुर	१०	४३१	४३
१०	श्रीनेपाल राष्ट्रिय आधारभुत विद्यालय	गिदरपुर	९	१८७	२१
११	श्रीजनता माध्यमिक विद्यालय	गोला	१७	४४७	२६
१२	श्रीकिसान प्राथमिक विद्यालय	खोनपुर	४	८३	२१
१३	श्रीबालप्रिय आधारभुत विद्यालय	तिनघरुवा	९	२८५	३२
१४	श्रीपशुपति प्राथमिक विद्यालय	पशुपतिनगर	३	४९	१६
१५	श्रीशिवज्योति प्राथमिक विद्यालय	झवही	४	६२	१६
१६	श्रीकृष्ण दुर्गा प्राथमिक विद्यालय	पहाडिपुर	३	४४	१५
१७	श्रीनवज्योति प्राथमिक विद्यालय	सुखार	३	५७	१९
१८	श्रीपशुपति माध्यमिक विद्यालय	पशुपतिनगर	२२	६०४	२७
१९	श्रीसरस्वती आधारभुत विद्यालय	विन्द्रा	९	२५५	२८
२०	श्रीनमुना प्राथमिक विद्यालय	बन्जरिया	४	१०८	२७
२१	श्रीजनकल्याण प्राथमिक विद्यालय	लाहोरपुर	४	६५	१६
२२	श्रीदिव्यज्योति प्राथमिक विद्यालय	गुसीपुर	४	१०३	२६
२३	श्रीरामजानकी आधारभुत विद्यालय	रामनगर	६	९४	१६
२४	श्रीजनप्रिय प्राथमिक विद्यालय	बेलभरिया	१	६४	६४
२५	श्रीनेपाल राष्ट्रिय गणेश माध्यमिक विद्यालय प्रा	प्रशेनीपुर	२२	६४५	२९
२६	श्रीधर्मभक्त प्राथमिक विद्यालय	बाजपुर	४	७२	१८
जम्मा			२२२	५९३३	२७

३५.३ **विद्यालयको लेखापरीक्षण** - शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० को बुँदा ५.४ मा विद्यालयले आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने र सोको प्रतिवेदन स्थानीय तहमा पठाउने व्यवस्था रहेको छ। पालिका अन्तर्गत रहेका २६ सामुदायिक विद्यालयहरुमा लेखापरीक्षण गर्न आधारभूत तह सञ्चालित विद्यालयलाई रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयलाई रु.१५००० को दरले

जम्मा रु. २८५००० भुक्तानी भएको छ। आ.व. २०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै विद्यालयहरूको लेखापरीक्षण गराइ प्रतिबेदन पेश भएको देखिएन। तोकिए बमोजिम समयमै लेखापरीक्षण गराउनु पर्दछ।

३५.४ **निजि विद्यालय व्यवस्थापन** - पालिकामा ७ वटा निजी विद्यालय रहेका छन्। पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरी अभिलेखाङ्कन गरेको पाईएन। सो सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ।

३५.५ **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तर** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा पालिका अन्तर्गत संचालित माध्यमिक तहसम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ। सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको देखिदैन। अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

३५.६ **विद्यालयको अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३५.७ **सार्वजनिकीकरण** - नेपालको संविधानको अनुसूची-८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसय देखि आठसय जनासम्म र आठसय भन्दाबढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्ने स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ।साथै शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाती विद्यार्थीलाई निशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने उल्लेख छ। पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति तथा निशुल्क शिक्षा कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि छात्रवृत्ति पाउने तथा निशुल्क शिक्षा पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिका र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्नेमा सार्बजनिक गरेको देखिएन।

३६ स्वास्थ्य तर्फ

३६.१ **निशुल्क उपचार सहायता कार्यक्रम** - जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ। नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ। सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरेको छ। नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ। सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट ४५ जनाको लागि रु. २४१५०००।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तिको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्ने तथा यस्तो सहायता रकम दोहोरो नपर्ने गरी वितरणको व्यवस्था गर्नुपर्दछ।

क्र.सं.	उपचारको किसिम	व्यक्ति संख्या	रकम रु.
१	मृगौला प्रत्यारोपण/डायलाईसिस	६	३६५०००
२	क्यान्सर	३४	१७९५०००
३	मेरुदण्ड पक्षघात	५	२५५०००
जम्मा		४५	२४१५०००

३६.२ **न्यानो झोला वितरण** - आर्थिक वर्ष ०८१।८२ मा स्थानीय तहहरुवाट गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्बन्धी मार्गदर्शनको मातृ तथा नवशिशु कार्यक्रमको कार्यक्रम नं २ अन्तर्गत न्यानो झोलाको मापदण्ड निर्धारण गरेको छ। पालिकाको वार्ड नं ३,४,६ को वर्थिङ्ग सेन्टरमा १८९ जना सुत्केरी भएकोमा अघिल्लो आर्थिक वर्षमा ५५७ न्यानो झोला बाँकी रहेको र यस आर्थिक वर्षमा पालिकाले न्यानो झोला खरिद नगरी अघिल्लो आर्थिक वर्षको बाँकी न्यानो झोलाबाट १८६ वटा वितरण गरी ३७१ स्टोरमा बाँकी रहेको देखिन्छ। पालिकाले अभिलेख राखी आवश्यक मात्रामा मात्र खरिद गरी कार्यविधिले तोके वमोजिमको गुणस्तरीय न्यानो झोला उपलब्ध गराउनुपर्दछ।

३६.३ **औषधी खरीद** - औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ बमोजिम स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Health Management Information System (HMIS) बाट सङ्कलन भएको रुग्णता (Morbidity), सेवाको उपलब्धता, उपचार तालिका, आपूर्ति व्यवस्थापन सूचना प्रणाली (LMIS) बाट सङ्कलन भएको खर्च विवरण, एवं स्वीकृत कार्यक्रम बमोजिम औषधिको आवश्यकता साथै तोकिएको प्राविधिक स्पेसिफिकेशनसँग विश्लेषण गरी सार्वजनिक खरिद नियमावलीको नियम ३, ५क र ९ बमोजिमको प्रक्रिया पुर्याई औषधी खरिदको आवश्यकता र लागत अनुमान तयार गरी आपूर्तिकर्ताहरुबीच प्रतिस्पर्धा गराई विश्व स्वास्थ्य सँगठनबाट पूर्वयोग्यता प्राप्त औषधि उत्पादक कम्पनीसँग डव्लु.एच्.ओ. र जि.एम.पि. मान्यता प्राप्त भएको प्रमाण लिई मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले चुनचुन फार्मेसी बाट रु. ८६८७०० र सिर्जना मेडिसिन सप्लायर्स नेपालगञ्ज बाँकेबाट रु.७९२७९० गरी रु.१६६१४९० को औषधी मार्फत खरिद गरेको छ। त्यसैगरी आयुर्वेद औषधी लिला आयुर्वेद मेडिसिन डिस्ट्रीब्युटरबाट रु. ४७५९८३ र माण्डवी आयुर्वेद फर्माबाट २८९६०० गरी रु.७६५५८३ रकमको औषधी सोझै खरिद गरेको छ। पालिकाले यो आर्थिक वर्षमा एलोपेथिक र आयुर्वेदिक गरी रु.२४,२७,०७३ को औषधि खरिद गरेको छ। कानुन बमोजिम प्रतिस्पर्धा हुने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ।

३६.४ **औषधिको गुणस्तर** - सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ। पालिकाले यस वर्ष रू.२४२७०७३ रकम बराबरको खरिद गरेकोमा खरिद गर्ने औषधि तथा औषधिजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधि तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन। अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ।

३७ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था रहेको छ। कार्यालयले सम्झौताको शर्तअनुसार दिने पेश्की सम्झौतामा नै उल्लेख भए बमोजिम फछ्र्यौट गर्दै जानुपर्दछ। पालिकाको उपलब्ध गराएको विवरण अनुसार गत आ.ब.को बाँकी पेश्की रु.१,६४,२३,२०० र चालु आ.बको पेश्की रू.८,३०,००० समेत रू.१,७२,५३,२०० रहेको छ। पेश्की बाँकी रकम नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

क्र.सं	गो.भौ.नं. र मिति	विवरण	गत आ.व.		चालु आ.ब.को म्याद ननाघेकव
			पेश्की लिनेको नाम	रकम	
१	२०५-२०७८।८।२	विमा तथा नवीकरण खर्च	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	२५००००	०
२	६७-२०७८।१०।९	निर्माण कार्य	स्काई/के.डि.एन./ राजन जे.सी.	३५४००००	०
३	४६-२०८०।११।२९	सडक कालोपत्रे कार्य	तुलसी।डि.जे.।जे.भी.	३४८००००	०
४	५५-२०८०।१।१२।५	सडक कालोपत्रे कार्य	तुलसी।डि.जे.।राउचुली जे.भी.	३७३३२००	०
५	६-२०८०।१२।३०	भवन निर्माण कार्य	निराजन-एन.एम.सुभाश जे.भि.	३०६००००	०
६	२९२-२०८१।३।२४	निर्माण कार्य	अग्रीम उन्नती निर्माण सेवा	२३६००००	०
७	६३-२०८२।१।३	भवन निर्माण	वशिष्ठ निर्माण सेवा	०	८३००००
जम्मा				१६४२३२००	८३००००

३८ **सतमोरीदेखि बुढीकुलो करिडोर हुँदै खोल्टीबजार जोड्ने सडक कालोपत्रे**

ठेक्का नं. W/GRM/NCB/03/2080-81, सतमोरीदेखि बुढीखोलो करिडोर हुँदै खोल्टीबजार जाने सडक कालोपत्रे गर्ने कार्यको लागि तुलसी डि.जे. राउचुली जे.भि. सँग मिति २०८०।०८।२९ मा २०८१।९।३० सम्म कार्य सम्पन्न गर्ने गरी कबोल रकम रु.३११११०८५३ मा सम्झौता भएकोमा ५.८२ प्रतिशत भेरियसन गरी कबोल रकम रु. ३२९२२२५३ कायम भएकोमा यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन्।

३८.१ **म्याद थप नगरेको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने, दफा ५९(८) मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत हुने, सम्झौता अन्त्य गरेको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको ढिलाईका कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। एक पटक म्याद थप गरी २०८२।२।३० सम्म कायम गरेकोमा यस बर्ष रु.१३३२१०७३ सहित हालसम्म रु. २११०३०१६ भुक्तानी भएको र ६५ प्रतिशत भौतिक प्रगती भएको देखिन्छ। निर्माण व्यवसायीले २०८२।२।१३ मा म्याद थपको लागि निवेदन पेश गरेकोमा पालिकाले म्याद थपको निर्णय गरेको देखिएन। कानुन बमोजिम आवश्यक कारवाही गरी निर्माण सम्पन्न गर्नुपर्दछ।

३८.२ **पेश्की रकम कट्टी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) मा सार्वजनिक निकायले उपनियम १ बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल बिजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ। त्यस्तै निर्माण व्यवसायीसँग गरेको सम्झौताको SCC को GCC 57.3 मा ३० प्रतिशत कार्य सम्पन्न भएपछिको प्रत्येक बिल रकमको ४० प्रतिशत बराबरको पेश्की रकम कट्टा गरी ८० प्रतिशत कार्य सम्पन्न हुनु अगावै सबै रकम कट्टा गरिसक्नुपर्ने उल्लेख छ। पालिकाले चौंथो रनिङ्ग

बिल बापत १४०४२०९ भुक्तानी गर्दा बिल रकमको ४० प्रतिशतले हुने रकम रु. ४९७०६५ कट्टा नगरी भुक्तानी गरेको देखिन्छ। सम्झौता तथा खरिद नियमावली बमोजिम पेश्की रकम कट्टा गरी रनिङ्ग बिलको रकम भुक्तानी गर्नुपर्दछ।

३८.३ **पेश्की रकम असुली**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **३,७३३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३९ **खोनपुर समुह घरदेखि मैनापोखर जाने सडक कालोपत्रे**

ठेक्का नं. W/GRM/NCB/02/2080-81, खोनपुर समुह घरदेखि मैनापोखर जाने सडक कालोपत्रे गर्ने कार्यको लागि तुलसी डि.जे. जे.भि. सँग मिति २०८०।१०।२९ मा २०८१।९।३० सम्म कार्य सम्पन्न गर्ने गरी कबोल रकम रु. २९२७५०९७ मा सम्झौता भएकोमा यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन्।

३९.१ **म्याद थप नगरेको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने, दफा ५९(८) मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत हुने, सम्झौता अन्त्य गरेको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ भन्ने व्यवस्था रहेको छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको ढिलाईका कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। एक पटक म्याद थप गरी २०८२।२।३१ सम्म कायम गरेकोमा यस बर्ष रु.१२२५८५४४ सहित हालसम्म रु. २०५०७४४१ भुक्तानी भएको र ७० प्रतिशत भौतिक प्रगती भएको देखिन्छ। निर्माण व्यवसायीले २०८२।२।१३ मा म्याद थपको लागि निवेदन पेश गरेकोमा पालिकाले म्याद थपको निर्णय गरेको देखिएन। कानुन बमोजिम आवश्यक कारवाही गरी निर्माण सम्पन्न गर्नुपर्दछ।

३९.२ **पेश्की रकम कट्टी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) मा सार्वजनिक निकायले उपनियम १ बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल बिजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । त्यस्तै निर्माण व्यवसायीसँग गरेको सम्झौताको SCC को GCC 57.3 मा ३० प्रतिशत कार्य सम्पन्न भएपछिको प्रत्येक बिल रकमको ४० प्रतिशत बराबरको पेश्की रकम कट्टा गरी ८० प्रतिशत कार्य सम्पन्न हुनु अगावै सबै रकम कट्टा गरिसक्नुपर्ने उल्लेख छ। पालिकाले दोस्रो र तेस्रो रनिङ्ग बिल बापत रु.१२२५८५४६ भुक्तानी गर्दा बिल रकमको ४० प्रतिशतले हुने पेश्की रकम रु. ३७७१८६० कट्टा गरी भुक्तानी गर्नुपर्नेमा रु.२३२०००० मात्र कट्टी गरी भुक्तानी गरेको देखिन्छ। सम्झौता तथा खरिद नियमावली बमोजिम पेश्की रकम कट्टा गरी रनिङ्ग बिलको रकम भुक्तानी गर्नुपर्दछ।

३९.३ **पेश्की रकम असुली**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **३,४८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४० **शहिद स्मृति पार्क निर्माण**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **३,५४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४१ **१० शैया अस्पताल निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने, दफा ५९(८) मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत हुने, सम्झौता अन्त्य गरेको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ भन्ने व्यवस्था रहेको छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको ढिलाईका कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। १० शैया अस्पताल निर्माणको लागि गौरा-नेपाल मेगा विरेन्द्र अमर जे.भि.सँग मिति २०७८।२।१० मा सम्झौता भई २०७९।३।१५ सम्म कार्य सम्पन्न गर्ने गरी रु. ५२४७०९४३ मा कार्यादेश दिएकोमा हालसम्म रु. ५६४३५६५ भुक्तानी भएको र १३ प्रतिशत भौतिक तथा ११ प्रतिशत वित्तिय प्रगती भएको देखिन्छ। निर्माण व्यवसायीले २०८२।२।५ मा म्याद थपको लागि निवेदन पेश गरेकोमा पालिकाले म्याद थपको निर्णय गरेको देखिएन। कानुन बमोजिम आवश्यक कारवाही गरी निर्माण सम्पन्न गर्नुपर्दछ।

४२ **कोल्ड स्टोर निर्माण**

कोल्ड स्टोर निर्माण कार्यको लागि अग्रीम उन्नती निर्माण सेवासँग मिति २०८१।२।२१ मा सम्झौता भई २०८१।१२।३१ सम्म कार्य सम्पन्न गर्ने गरी कबोल रकम रु. १३६८१२०० मा कार्यादेश दिएकोमा यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन्।

४२.१ **म्याद थप नभएको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने, दफा ५९(८) मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत हुने, सम्झौता अन्त्य गरेको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको ढिलाईका कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। यस बर्ष रु. १५१७९०० भुक्तानी भएकोमा १२ प्रतिशत भौतिक प्रगती भएको देखिन्छ। कानुन बमोजिम आवश्यक कारवाही गरी निर्माण सम्पन्न गर्नुपर्दछ।

४२.२ **पेश्की रकम असुली**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **२,४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४३ **गोबरग्याँस प्लाण्ट निर्माण तथा जडान**

गोबरग्याँस प्लाण्ट निर्माण तथा जडान: पालिकाका वडा नं. ६ का ७ घरधुरीमा ६ घरमिटर क्षमताको गोबरग्याँस प्लाण्ट निर्माण तथा जडान कार्यको लागि सबैभन्दा कम रकम रु. ३०४४० कबोल गर्ने वैकल्पिक उर्जा विकास कम्पनि प्रा.लि., कोहलपुरसँग सम्झौता

गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन्।

४३.१ **छनौटको आधार:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा कुनै एक वडा वा क्षेत्रमा मात्र केन्द्रित नगरी सबै वडामा न्यायोचित रूपमा बजेट र योजना बाँडफाँड गर्नुपर्ने, योजना बनाउँदा समानता र समावेशितालाई ध्यान दिनुपर्ने व्यवस्था छ। पालिकाले वडा नं. ६ का ७ घरधुरीलाई मात्र अनुदान उपलब्ध गराएको र सबै नागरिकलाई छनौटमा समावेश हुने अवसर दिएको देखिदैन। समावेशी विकास तथा योजना तथा बजेट निर्माण गर्दा समानता र समावेशीतालाई समेत ध्यान दिई गर्नुपर्दछ।

४३.२ (151-2082-03-20):
कार्य भएको प्रमाण: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । काम गर्ने कार्यादेश पाएको वैकल्पिक उर्जा विकास कम्पनि प्रा.लि., कोहलपुरले पेश गरेको बिलमा ७ जनाको लागि नेपाल सरकारबाट प्राप्त भएको प्रति घरधुरी अनुदान रकम रु.२८८०० कट्टा गरी जम्मा रु.२८४४४ को बिल पेश गरेकोमा पालिकाले प्रति घरधुरी रु.२२००० का दरले रु.१५४००० भुक्तानी गरेको देखिन्छ। नेपाल सरकारको अनुदान रकम र पालिकाले उपलब्ध गराएको रकम बराबरको कार्य भएको देखिने प्राविधिक मूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	३,५५,६००

४४ **एकप्रिय राठौर मा.वि. भवन निर्माण**

ठेक्का नं. W/GRm/NCB/01/2080/081, एकप्रिय राठौर मा.वि. भवन निर्माणको लागि लागत अनुमान रु. ३६०८१९४९ स्विकृत गरी कबोल रकम रु. २५५२२४९२ मा निराजन एन.एस. सुभास जे.भि. सँग सम्झौता भएकोमा यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन्।

४४.१ **प्रगती:** मिति २०८०।११।०६ मा सम्झौता भई २०८२।६।१५ सम्मको म्याद दिई कार्यादेश दिएकोमा यस बर्ष रु. ९४२७७३४ सहित हालसम्म रु. १२८२७९५३ भुक्तानी भएको, म्याद थप गरी २०८२।१०।२९ सम्म पुर्याएकोमा लेखापरीक्षणको अवधिमा १ महिना मात्र म्याद बाँकी रहँदा ५० प्रतिशत भौतिक प्रगती भएको देखिन्छ। तोकिएको समयमा कार्य सम्पन्न हुनुपर्दछ।

४४.२ **पेश्की फर्स्यौट:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) मा सार्वजनिक निकायले उपनियम १ बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल बिजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीसँग गरेको सम्झौताको SCC को GCC 57.3 मा ३० प्रतिशत कार्य सम्पन्न भएपछिको प्रत्येक बिल रकमको ४० प्रतिशत बराबरको पेश्की रकम कट्टा गरी ८० प्रतिशत कार्य सम्पन्न हुनु अगावै सबै रकम कट्टा गरिसक्नुपर्ने उल्लेख छ। पालिकाले तेस्रो रनिङ्ग बिल बापतको रु. १८७५५०० भुक्तानी गर्दा रु. ६६३८९४ पेश्की रकम कट्टा गरेको देखिएन। सम्झौता तथा खरिद नियमावली बमोजिम पेश्की रकम कट्टा गरी रनिङ्ग बिलको रकम भुक्तानी गर्नुपर्दछ।

४४.३ **कार्य सम्पादन जमानतको म्याद:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम १ बमोजिमको कार्य सम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा प्रत्याभूतिको अवधि वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिभन्दा कम्तिमा एक महिना बढि अवधिको हुनुपर्ने व्यवस्था छ। पालिकाले सम्झौता गर्दाका बखत निर्माण कार्यको म्याद २०८२।६।१५ रहेकोमा कार्य सम्पादन जमानतको म्याद २०८३।७।१५ सम्म रहेको देखिन्छ। म्याद थप गरी २०८२।१०।२९ सम्म पुर्याएकोमा सो बमोजिम कार्य सम्पादन जमानतको म्याद थप गरेको देखिएन। कार्य सम्पादन जमानत रकम रु. ३६५०१२८ को म्याद २०८३।११।२९ सम्म थप गरेको प्रमाण पेश गर्नुपर्दछ।

४५ **बजेटभन्दा बढिको लागत अनुमान**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६ मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही सुरु गर्न नहुने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यालयले चालु आर्थिक बर्षको विनियोजित बजेटले नखाम्ने र बढि खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने, त्यस्तै नियम ४१(क) मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शिर्षकमा स्विकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्विकृत सिमाभित्र रहेको सुनिश्चित भएको एकिन गरी खर्च गर्नपुर्ने व्यवस्था छ। पालिकाले देहायका योजनामा विनियोजन गरेको रकमभन्दा बढि रकमको लागत अनुमान स्विकृत गरी खरिद कारबाही अगाडी बढाएको देखिन्छ। विनियोजित बजेटको सीमाभन्दा बढिको लागत अनुमान तयार गरी खरिद व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

क्र.सं.	ठेक्का नं.	योजना	विनियोजित रकम	लागत अनुमान	बढि रकम
१	W/GRM/NCB/07/2081-082	वडा नं. ३ वडा कार्यालय नजिक चिनाटोल जाने बाटोमा कल्भर्ट निर्माण	१५०००००	१८०९३२१	३०९३२१
2	W/GRM/NCB/09/2081-082	किरुवानाला हिरा के.सी. को जग्गानेर कल्भर्ट निर्माण	१५०००००	१८९४४३६	३९४४३६
3	W/GRM/NCB/10/2081-082	वडा नं. ५ वडा कार्यालय निर्माण	२३५००००	५१५१३८५	२८०१३८५
4	W/GRM/NCB/11/2081-082	वडा नं. ६ वडा कार्यालय निर्माण	२३५००००	६६९६३७९	४३४६३७९
5	W/GRM/NCB/12/2081-082	जानकी माविको २ कोठे भवन निर्माण	१७५००००	२१४२६१३	३९२६१३
6	W/GRM/NCB/13/2081-082	गणेशपुर खैरेनीमा मन्दिर निर्माण	६०००००	२०६२८७७	१४६२८७७
7	W/GRM/NCB/14/2081-082	नवज्योती आविको २ कोठे भवन निर्माण	२००००००	२४२७२९४	४२७२९४
8	W/GRM/NCB/15/2081-082	रमाईलो चोक सर्खोलदेखि भाथेरा हुँदै बगहीपुर जाने सडक स्तरोन्नती	१५०००००	२९५९४०५	१४५९४०५
9	W/GRM/NCB/16/2081/82	पशुपती मावि स्रोत केन्द्र निर्माण	६५००००	२४४५६२२	१७९५६२२
जम्मा रु.					**१३३८९३३४**

४६ खरिदमा प्रतिष्पर्धा

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुला रुपमा बोलपत्र आह्वान गरी गर्नुपर्ने र योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले सोझै खरिद विधिबाट खरिद कार्य गरेका मध्ये नमुना छनौट गरी हेर्दा देहाय अनुसार तिन वटा फर्महरुबाट दररेट माग गरी खरिद गरेको देखिन्छ। पालिकाले सबैजसो कार्यको लागि तिन वटा फर्मसँग मात्र दररेट माग गरी कम कबोल गर्नेसँग सम्झौता गर्ने गरेको देखिन्छ। नमुना छनौट गरी पालिकाको लागत अनुमान र तिन वटा फर्मको दररेट तुलना गर्दा वास्तविक रुपमा प्रतिष्पर्धा भएको कुरामा एकिन हुन सक्ने देखिएन। खरिद गर्दा प्रतिष्पर्धा गराई आधिकाधिक संख्यामा सेवा प्रदायक/निर्माण व्यवसायी/आपूर्तिकर्ताले भाग लिन पाउने गरी गर्नुपर्दछ।

क्र.सं.	कामको विवरण	लागत अनुमान	फर्मको नाम	रकम रु.
१	एलईडि डिस्प्ले बोर्ड जडान	४३८६१०	बिजनेश म्यानेजमेण्ट सर्भिसिज प्रा.लि.	४३८५५०
			ग्लोबल मल्टि ट्रेडिङ्ग प्रा.लि.	४३८५८१
			त्रिपुरा ट्रेड एण्ड कम्प्युटर	४३८४००
२	वडा नं. ३ को गेट निर्माण तथा सिमा बोर्ड निर्माण	४८४८२९	निरौला बिल्डर्स	४८४७७४
			कृष्णसार निर्माण सेवा	४८४७७४
			रावल निर्माण सेवा प्रा.लि.	४८४५१३
३	सडक बत्ति मर्मत	९९९८७१	माँ कर्णाली ईलेक्ट्रिक	९९८९८०
			न्यू जैशी ट्रेडर्स	९९६९३५
			युभी सप्लायर्स	९९७३०३

४७ **एकप्रिय मा.वि. हुँदै भैरमपुर जोड्ने सडक र शान्तिपुरदेखि लोहारपुर जाने सडक कालोपत्रे**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको ढिलाईका कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने, नियम १२१(ख) मा खण्ड (क) बमोजिमको पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने, नियम १२१(ग) मा खण्ड (क) बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम समय अवधिभित्र पनि कार्य सम्पन्न नभएमा खरिद सम्झौता अन्त्य गर्नुपर्ने व्यवस्था छ। ठेक्का नं. W/GRM/NCB/07/2079/080, एकप्रिय मा.वि. हुँदै भैरमपुर जोड्ने सडक र शान्तिपुरदेखि लोहारपुर जाने सडक कालोपत्रे गर्ने कार्यको लागि लक्ष्मीपुजा निर्माण तथा मेटेरियल सप्लायर्ससँग मिति २०७९।१०।२५ मा २०८०।७।१५ सम्म कार्य सम्पन्न गर्ने गरी कबोल रकम रु. १७३२५०८२ मा सम्झौता गरेको देखिन्छ । एक पटक म्याद थप गरी २०८१।११।३० सम्म पुर्याईएकोमा त्यस पश्चात म्याद थप गरेको देखिएन। समयमा काम नगरेको कारण पेश्की जमानत र कार्य सम्पादन जमानत बापतको रकम जफत गरेको देखिन्छ। यस बर्ष रु. १४५७७०० सहित हालसम्म रु. ९५६८०३८ भुक्तानी गरेकोमा भौतिक प्रगती ५५ प्रतिशत रहेको देखिन्छ। यस बर्षको रनिङ्ग बिल भुक्तानी गर्दा ११४ दिनको रु. ९८७५२९ पूर्वनिर्धारित क्षतिपूर्ति बापतको रकम कट्टा गरेको देखिन्छ। पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम समय अवधिभित्र कार्य सम्पन्न गर्नुपर्दछ।

४८ **ल्यापटप वितरण**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **९३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **९३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४९ **उपभोक्ता समितिबाट खरिद**

४९.१ **विद्यालयबाट निर्माण कार्य:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा एक करोड रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था छ। पालिकाले विद्यालयलाई उपभोक्ता समिति मानी देहाय अनुसारको निर्माण कार्य

गराएको देखिएकोले यसरी सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय सम्मिलित नभएको उपभोक्ता समितिबाट निर्माण कार्य गराउनु मनासिव देखिदैंन।

क्र.सं.	निर्माण कार्य	गो.भौ.नं./मिति	रकम रु.
१	पशुपती मा. वि. पथरैयामा चौतारो निर्माण	१४४।२०८२।३।१७	१४९०००
२	जनता मा. वि. गोलामा सरस्वती मन्दिर निर्माण तथा रंगरोगन	१४५।२०८२।३।१७	१०६०००
३	किसान प्रा. वि. खोनपुरको घेरा निर्माण	१७४।२०८२।३।२३	१४५०००
	जम्मा		४०००००

४९.२ **योजना हस्तान्तरण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष ६४ वटा निर्माण कार्य लगायतका कार्य उपभोक्ता समितिबाट गराएकोमा उपभोक्ता समितिसँग गरेको सम्झौताको शर्त नं. १७ मा आयोजनाको दिगो सञ्चालन तथा मर्मत सम्भारको व्यवस्था उपभोक्ता समितिले गर्नुपर्ने उल्लेख गरेको भएतापनि आयोजना सम्पन्न भए पश्चात स्वामित्व हस्तान्तरण गरेको देखिएन । जसका केही उदाहरण देहाय अनुसार रहेका छन्।

क्र.सं.	कार्य	गो.भौ.नं./मिति	रकम रु.
१	ईन्टेक पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार निर्माण	५५।२०८१।१२।२८	४९८०००
२	पाताभार मिलपुर सामुदायिक भवन निर्माण	५६।२०८१।१२।२८	४९८०००
३	उच्च मचान निर्माण, दंगपुर	७०।२०८२।१।२२	४८२०००
४	स्यालीबजार ईन्टेकतिर कल्भर्ट निर्माण	१३७।२०८२।३।१६	३५३०००

आयोजनाको दिगो सञ्चालन तथा मर्मत सम्भारको लागि निर्माण सम्पन्न पश्चात आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने व्यवस्था गर्नुपर्दछ ।

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ञ) मा पालिकाको कार्यक्षेत्र आधारभूत र माध्यामिक शिक्षाको संचालन सम्वन्धी कार्यहरु तोकेको छ। पालिकाले गेरुवा बहुमुखी क्याम्पसलाई क्याम्पस स्वीकृतिको लागि धरौटी बापत रू.३०,००,०००।- र अक्षयकोष निर्माणका लागि रू.३०,००,०००।- समेत रू.६०,००,०००।- उपलब्ध गराएको देखिन्छ। आफ्नो कार्यक्षेत्र भन्दा बाहिरको निकायलाई रकम उपलब्ध गराउनु मनासिव देखिँदैन। पालिकाले क्याम्पसको नाममा पेश्की कायम गरी प्रतिक्रियामा पेश गरेकोले पेश्की फर्स्यौट गर्नुपर्ने देखिएको रू	६०,००,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : गेरुवा गाउँपालिका, बर्दिया , गेरुवा गाउँपालिका , बर्दिया

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	नर बहादुर चन्द	२०८०-८-२७	२०८२-०७-२४
लेखा प्रमुख	सुदिप सिग्देल	२०७८-१२-२३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१८६,०००	३,१५७,५०२	१९,८४८,९२३	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					२३,१९२,४२५
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१९,६७९,३२३
संपरीक्षणबाट थप भएको बेरुजू रु.					६,०००,०००
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					९,५१३,१०२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		९८९९४३६८.९९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३३५३५९८२०	चालु खर्च	३२७६१४७५८.१५
प्रदेश सरकारबाट अनुदान	२१९९३०००	पूँजीगत खर्च	१२१०८१०५७
राजश्व बाँडफाँट	९६१०८१५८.८६	वित्तीय/अन्य व्यवस्था	१७१८३७०४१.३३
आन्तरिक आय	१६९६७३२७.५६		
अन्य आय	१५०३७३२६६.६५		
कुल आय	६२०८०१५७३.०७	कुल खर्च	६२०५३२८५६.४८
बाँकी मौज्दात		९९२६३०८५.५८	

अनुसूची - २

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१०,७८,३६,७४७.६७	०.००	१०,७८,३६,७४७.६७	९,७२,९९,३७७.६५	०.००	९,७२,९९,३७७.६५
१३०००	अनुदान		३३,०५,७३,७०८.४८	०.००	३३,०५,७३,७०८.४८	३४,६६,९९,८६५.००	०.००	३४,६६,९९,८६५.००
१४०००	अन्य राजस्व		१,२०,५४,७०३.१५	०.००	१,२०,५४,७०३.१५	८३,४५,७५७.८६	०.००	८३,४५,७५७.८६
१५०००	विविध प्राप्ति		८१,९६५.००	०.००	८१,९६५.००	८२,८८५.००	०.००	८२,८८५.००
क	कुल जम्मा प्राप्ति		४५,०५,४७,१२४.३०		४५,०५,४७,१२४.३०	४५,२४,२७,८८५.५१		४५,२४,२७,८८५.५१
२	चालु		३२,७६,१४,७५८.१५	०.००	३२,७६,१४,७५८.१५	३१,५१,८१,००२.४०	०.००	३१,५१,८१,००२.४०
२१०००	पारिश्रमिक / सुविधा		१५,६६,५६,८०६.९६	०.००	१५,६६,५६,८०६.९६	१६,६७,८४,४४३.४०	०.००	१६,६७,८४,४४३.४०
२२०००	मालसामान तथा सेवाको उपयोग		१६,१८,१६,२०६.१९	०.००	१६,१८,१६,२०६.१९	१४,०६,६३,२३१.००	०.००	१४,०६,६३,२३१.००
२७०००	सामाजिक सुरक्षा		८६,८२,८४५.००	०.००	८६,८२,८४५.००	७१,७९,४८८.००	०.००	७१,७९,४८८.००
२८०००	अन्य खर्च		४,५८,९००.००	०.००	४,५८,९००.००	५,५३,८४०.००	०.००	५,५३,८४०.००
४	पूंजीगत		१२,१०,८१,०५७.००	०.००	१२,१०,८१,०५७.००	१६,२४,२७,७८९.००	०.००	१६,२४,२७,७८९.००
३१११०	भवन तथा संरचना		३,१०,२२,२७४.००	०.००	३,१०,२२,२७४.००	२,०७,७७,८०४.००	०.००	२,०७,७७,८०४.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१,६५,२९,७१३.००	०.००	१,६५,२९,७१३.००	१,६२,०७,०१०.००	०.००	१,६२,०७,०१०.००
३११३०	अन्य पूँजीगत खर्च		५,९५,७९०.००	०.००	५,९५,७९०.००	०.००	०.००	०.००
३११५०	सार्वजनिक निर्माण		७,२४,१०,९८०.००	०.००	७,२४,१०,९८०.००	१२,५२,४२,८३५.००	०.००	१२,५२,४२,८३५.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		५,२२,३००.००	०.००	५,२२,३००.००	२,००,१४०.००	०.००	२,००,१४०.००
ख)	कुल जम्मा भुक्तानी		४४,८६,९५,८१५.१५		४४,८६,९५,८१५.१५	४७,७६,०८,७९१.४०		४७,७६,०८,७९१.४०
ग)	बचत /कमी (ग = क-ख)		१८,५१,३०९.१५		१८,५१,३०९.१५	(२,५१,८०,९०५.८९)		(२,५१,८०,९०५.८९)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		(१५,८२,५९२.५६)		(१५,८२,५९२.५६)	२६,२०,१५०.७३		२६,२०,१५०.७३
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी							
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		२,६८,७१६.५९		२,६८,७१६.५९	(२,२५,६०,७५५.१६)		(२,२५,६०,७५५.१६)

च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		९,८९,९४,३६८.९९		९,८९,९४,३६८.९९	१२,१५,५५,१२४.१५		१२,१५,५५,१२४.१५
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		९,९२,६३,०८५.५८		९,९२,६३,०८५.५८	९,८९,९४,३६८.९९		९,८९,९४,३६८.९९

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र शित भण्डार समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।